# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, असार २६ गते २०५७ साल (अतिरिक्ताङ्क १६ (ख)

## भाग ३

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७७ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको देहायबमोजिमको अनुसूचीहरूमा देहायबमोजिम हेरफेर तथा थपघट गरेको छः–

१. अनुसुची–२२ को अन्य सुविधा शीर्षकको कोष्ठभित्र रहेको "घरभाडा" भन्ने शब्द झिकी सोही अनुसूचीको अन्त्यमा देहायको द्रष्टव्य थपिएको छः–

"द्रष्टव्यः– सभापति र उप-सभापतिलाई आवश्यकता हेरी घरभाडाको व्यवस्था जिल्ला विकास समिति आफैले मिलाउनु पर्नेछ ।"

२. अनुसूची–२३ को,–

(१) क्रमसंख्या २ को,–

(क) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) जडिबुटी– मूल्य, मात्रा र गुणस्तर हेरी स्थानीय बिक्री

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्यमा दश प्रतिशतमा नबढ्ने गरी जिल्ला परिषद्ले तोकेबमोजिमको दर ।"

(ख) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा प्रति क्यूविक फिट रू. १।५० सम्म ।"

(ग) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः–

"(च) स्लेट– प्रति क्यूविक फिट रू. १।५० सम्म ।"

(घ) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः–

"(छ) मार्बल– प्रति वर्ग फिट रू. १।– सम्म ।"

(२) क्रमसंख्या ३ को,–

(क) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) प्लाष्टिक (झोला र दूधको थैला बाहेकको अन्य) प्रति के.जी. रू. १।–"

(ख) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :–

"(च) तेलको टिन

(१) ठूलो १० लिटरभन्दा बढी अट्ने प्रति गोटा रू. २।–

(२) सानो १० लिटरभन्दा कम अट्ने प्रति गोटा रू. १।–"

(ग) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :–

"(ज) पुराना कागज

(१) अखबार प्रति के.जी. रू. २।–

(२) अन्य कागज प्रति के.जी. रू. १।–"

(घ) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः–

"(झ) धातुका कबाडी सामानहरू

(१) फलाम प्रति के.जी. रू २।–

(२) अन्य धातु (पित्तल तामा आदि) प्रति के.जी. बढीमा रू. ५।–"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छ :–

"(ठ) सिसा (लिड) को धूलो र टुक्रा प्रति के.जी. रू. ३।–"

३. अनुसूची–२६ को क्रमसंख्या ४ पछि देहाएको क्रमसंख्या ५ थपिएको छ :–

"५. जिल्ला विकास क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूसँग श्री ५ को सरकारले लिने प्रवेश दस्तुरको तीस प्रतिशत ।"

आज्ञाले,
उदयराज सोती
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३८५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८६